## पैंयूँ गाउँपालिका
## गाउँ कार्यपालिका बैठक

सम्वत् २०८०।१२।१६ गते                                        आ.ब. २०८०/८१ बैठक क्र.सं.११

आज मिति २०८०।१२।१६ गते पैंयू गाउँपालिकाका अध्यक्ष एवम् गाउँकार्यपालिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरी ज्यूको अध्यक्षतामा देहाय बमोजिम सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| सि.नं. | नाम | पद | | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री तोरण मल्ल ठकुरी | अध्यक्ष | अध्यक्ष | | |
| २ | श्री याम कुमारी राना | उपाध्यक्ष | सदस्य | | |
| ३ | श्री मिन प्रसाद न्यौपाने | १ नं. वडा अध्यक्ष | सदस्य | | |
| ४ | श्री नरभूपाल काफ्ले | २ नं. वडा अध्यक्ष | सदस्य | | |
| ५ | श्री हिमलाल भट्टराई | ३ नं. का.बा वडा अध्यक्ष | सदस्य | | |
| ६ | श्री टुकलाल न्यौपाने | ४ नं. वडा अध्यक्ष | सदस्य | | |
| ७ | श्री नारायण भुर्तेल | ५ नं. वडा अध्यक्ष | सदस्य | | |
| ८ | श्री गंगाधर अधिकारी | ६ नं. वडा अध्यक्ष | सदस्य | | |
| ९ | श्री तोयनाथ शर्मा | ७ नं. वडा अध्यक्ष | सदस्य | | |
| १० | श्री मिठु क्षेत्री | ३ नं. वडा महिला सदस्य | सदस्य | | |
| ११ | श्री चन्द्रकला न्यौपाने | ६ नं. वडा महिला सदस्य | सदस्य | | |
| १२ | श्री सर्मिला नेपाली | ४ नं.वडा दलित महिला सदस्य | सदस्य | | |
| १३ | श्री उमादेवी बि.क. | ५ नं.वडा दलित महिला सदस्य | सदस्य | | |
| १४ | श्री फूलमांया सुनार | दलित सदस्य | सदस्य | | |
| १५ | श्री बविता छिताङ | दलित सदस्य | सदस्य | | |
| १६ | श्री राजीव रिमाल | प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| १७ | श्री सरिता हुमे | लेखा अधिकृत | अन्य उपस्थिति | | |
| १८ | | | अन्य उपस्थिति | | |

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८०।१२।१६ गते आ.ब. २०८०/८१ बैठक क्र.सं.११

१. पैयूँ गाउँपालिकाको कार्यपालिकाको मिति २०८०/१२/०३ को निर्णय बमोजिम "पुर्व निर्मित भवन नियमित तथा अभिलेखीकरण कार्यविधि २०८०" पास भइ गाउँसभाको १३ औं अधिवेशनबाट अनुमोदन समेत भएकोले पैयूँ गाउँपालिकामा "वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी कार्यविधि २०७७" लागु भएकोमा भवन संहिता २०७२ लागु हुनुपुर्व निर्माण सम्पन्न भई घर तथा भवन तत्कालिन प्रचलित कानुन बमोजिम नक्सापास गर्नुपर्नेमा नक्सा पास छुट हुन् गएका सम्पूर्ण व्यक्ति, संघ संस्था, सरकारी वा सार्वजनिक भवन तथा घरहरु अभिलेखीकरण गर्न ३५ दिने सुचना जारी गर्ने निर्णय गरीयो।

२. पैयूँ गाउँपालिकाको " आमा समुह गठन तथा परिचालान कार्यविधि, २०८०" पारित गर्ने निर्णय गरियो।

३. पैयूँ गाउँपालिकाको गत आ.व २०७९/८० मा भूमिकर तथा सम्पतिकर तिर्ने करदाताहरुको जग्गाको विवरण सहित सम्पूर्ण विवरण Sub-National Treasury Regulatory Application ( SuTRA ) अन्तर्गत Revenue Module मा Data Migration तथा Entry गर्न राजश्व शाखाबाट माग भएको प्रस्ताव बमोजिम रु ९८,००० रकम आवश्यक पर्ने भएकोले सो को व्यवस्था गरी आ.व २०७९/८० मा आबद्द भएका करदाताहरुको विवरण कार्यालयका कर्मचारी मार्फत प्रति करदाता विवरण प्रविष्टि गरेबापत रु ३५ को दरले खर्च उपलब्ध गराउने निर्णय । र सो को खर्च कार्यालय संचालन तथा प्रशासनिक खर्च अन्तर्गतको सुचना प्रणाली तथा सफ्टवेयर संचालन शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

४. आ.व २०८०/८१ को ससर्त अनुदान तर्फ कार्यान्वयन हुने गेदिखोला आलेपुल पैयुँ ४ संचालन गर्न इम्प्रेड नेपाल (पर्वत) द्वारा तयार भइ कार्यालयमा पेश भएको विस्तृत आयोजना प्रतिवेदन -DPR ( लागत अनुमान रकम रु ३१,३८,८६४.७० -अक्षरेपी एकतिस लाख अठ्तीस हजार आठ सय चौसठ्ठी रुपैया सत्तरी पैसा ) स्वीकृत गरी खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

५. यस गाउँपालिकाको कृषि शाखाको आ.व २०८०/०८१ मा वार्षिक स्वीकृत कार्यक्रम **मौरी घार खरिद ५०% साझेदारी कार्यक्रम** संचालनको लागि मिति २०८०/११/०१ गतेको प्रकाशित सूचना अनुसार आवेदन संख्या अत्याधिक रहेकोले पैयूँ गाउँपालिकाको गाउँसभाको १३ औ अधिवेशनबाट संशोधन भई **मौरी घार खरिद ५० % साझेदारी "थप"** कार्यक्रम थप गरिएको र सो को कार्यान्वयनको लागि मिति २०८०/११/०१ गतेको प्रकाशित सूचना बमोजिम कृषि शाखामा प्राप्त सम्पूर्ण निवेदकहरुलाइ तपसिलको आधारमा प्रति आवेदक १/१ मौरी घार वितरण गर्ने निर्णय गरियो।
   - गोला सहित आधुनिक मौरी घार भएका कृषकहरुलाई प्रति व्यक्ति १ वटा खाली घार
   - मुढे घार भएका तथा कुनै पनि घार नभएका कृषकहरुलाई प्रति व्यक्ति १ गोला सहित आधुनिक मौरी घार वितरण गर्ने।

६. पैयूँ गाउँपालिकाको गाउँसभाको १३ औं अधिवेशनबाट गाउँपालिकाका ७ वटै वडा तर्फ विनियोजित बाँदर हेरालु शिर्षक अन्तर्गत कुल ७ लाख रकम विनियोजित भएकोमा सो कार्यक्रमलाई "वडा स्तरीय अन्नबाली संरक्षणको लागि बन्यजन्तु हेरालु" कार्यक्रम अन्तर्गत कार्यान्वयन गर्दा तपसिल बमोजिमको **छनौट प्राथमिकताका आधारहरु, काम कर्तव्य एवम कार्यसर्त, हेरालुको संख्या र भुक्तानी सम्बन्धी व्यवस्था गरी** ज्यालादारीमा हेरालु नियुक्ति गरी उनीहरुको विमा गर्ने तथा प्रभावित क्षेत्रमा परिचालन गर्ने र वडाको सिफारिस बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

**छनौट प्राथमिकताका आधारहरु :**

- खेतीपाती गरेको कृषक
- बाँदर जोखिमयुक्त क्षेत्रको व्यक्ति
- खेतीपाती बढी हुने जग्गा आसपासको व्यक्ति
- अधिकांश समय हेरालुको रुपमा कार्य गर्न सक्ने र शारीरिक रुपमा पनि सक्रिय

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०८०।१२।१६ गते                                   आ.ब. २०८०/८१ बैठक क्र.सं.११

- वडाले आफ्नो वडा स्तरीय आवश्यकता पहिचान गरि सारभूत रुपले औचित्य पुष्टी हुने गरी अन्य अधारहरु तय गरि हेरालु छनौट गर्ने
- वडा स्तरीय भेला गरी हेरालु छनौट गर्ने

**हेरालुको काम कर्तव्य एवम कार्यसर्त सम्बन्धी व्यवस्था**

- बन्यजन्तुको आक्रमण बाट अन्नबाली संरक्षण गर्ने, अन्नबालीको रेखदेख गर्ने
- गुलेली र लठ्ठी प्रयोग गरेर, खेतबारीमा टिन, थाली, गाग्री, ढयाङ्ग्रो ठट्टाएर, ढुङ्गा बर्साएर तर्साउने , होहल्ला गरेर, , खेतबारीमा टौवा वा टहरामा बसेर चौकीदारी गरेर खटिने
- एक स्थानमा बन्यजन्तुको आक्रमणको अवस्था आएमा वडामा कार्यरत सम्पूर्ण हेरालुहरुले एक-अर्को संग तत्काल सूचना आदान-प्रादान गर्ने र आवश्यक समन्वय गरी उक्त स्थानबाट बन्यजन्तु भगाउने
- खेतबारीमा बन्यजन्तुलाइ तर्साउने बिभिन्न स्वरूपका बुख्याचाहरु बनाउने

**हेरालुको संख्या र भुक्तानी सम्बन्धी व्यवस्था**

- प्रत्येक वडा बाट ५/५ जना हेरालु छनौट गर्ने
- प्रत्येक वडाले १ लाख बजेट बाट कार्यक्रम कार्यान्वयन गर्ने
- हेरालुलाई बैशाख १ देखि चालु आ.व २०८०/८१ को असार मसान्त सम्म एकमुस्ट प्रति हेरालु २०,०००( बिस हजार) रकम वडाको सिफारिस बमोजिम भुक्तानी गर्ने (बिमाको रकम समेत उल्लेख गरिएको )

**वडाको जिम्मेवारी :**

- हेरालुको कार्यक्षेत्र र कार्यसर्त वडाले तोकेर सो को जानकारी गाउँपालिकालाई जानकारी गराउने
- कार्यसर्त र कार्यक्षेत्र उल्लेख गरी हेरालु संग सम्झौता गरि सो को लगत राख्ने
- कार्यसर्त बमोजिम कार्यसम्पादन गरेको प्रमाणित गरि भुक्तानीको लागि गाउँपालिकामा सिफारिस पठाउने
- हेरालुको नियमित/दैनिक कार्यविवरणको लगत राख्ने र सो को प्रमाणित प्रतिलिपी गाउँपालिकामा पठाउने

७. "मृगौला प्रत्यारोपण गरेका डायलासिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउनें सम्बन्धी कार्यविधि, २०७८" बमोजिम तपसिल बमोजिमका व्यक्तिहरुलाई लाभग्राही बनाउने निर्णय गरियो ।

| क.स | नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | कुश्मिता वि.क | पैयूँ गा.पा-५ | |
| २. | इन्द्रकला शर्मा | पैयूँ गा.पा- ३ | |

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०८०।१२।१६ गते आ.ब. २०८०/८१ बैठक क्र.सं.११

९. पैयूँ गाउँपालिकाको आगामी शैक्षिक बर्षमा नया शैक्षिक क्यालेण्डर प्रकाशन गर्ने निर्णय गरियो साथै उक्त क्यालेण्डरमा उल्लेखित कार्यक्रमहरु संचालन गर्दा हुने आर्थिक दायित्व गाउँपालिकाको गाउँसभाको आगामी १४ औं अधिवेशनबाट बजेट सुनिश्चित गरि दायित्व बहन गर्ने निर्णय गरियो ।

१०. पैयूँ गाउँपालिकाको गाउँसभाको १३ औं अधिवेशनबाट **प्र.अ प्रोत्साहन भत्ता नया** तर्फको शिर्षक अन्तर्गत हाल पाइरहेको प्रधानाध्यापकहरुको मासिक भत्तामा थप गरि तपसिल बमोजिले प्रोत्साहन भत्ता वितरण गर्ने निर्णय गरियो ।

| क्र.स | विद्यालय विवरण | हाल पाईरहेको भत्ता | थप गरिएको | जम्मा पाउने |
|---|---|---|---|---|
| १. | १-१२ ( मा.वि ) | ५०० | ७०० | १२०० |
| २. | १-१० ( मा.वि) | ५०० | ५०० | १००० |
| ३. | १-८ (आ.वि) | ३०० | ४०० | ७०० |
| ४. | १-५(आ.वि ) | २०० | ३०० | ५०० |

११. संघीय ससर्त अन्तर्गत पशु सेवा तर्फ विनियोजन भएको भैंसी प्रबर्द्धन कार्यक्रम ( वडा नं ६ ) तर्फ आएको ८,१३,००० रकम प्रदेश तथा स्थानीय तहमा **सशर्त वित्तीय हस्तान्तरित पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८० को परिच्छेद ४ को ११.२ को उत्पादनमा आधारित अनुदान कार्यक्रमहरुको सी.नं १ (ख) पशुपालन प्रबर्द्धन कार्यक्रम र व्यावसायिक पशुपलान कार्यक्रम** अन्तर्गत वडा नं ६ मा कार्यन्वयन गर्ने निर्णय गरियो ।

१२. **सशर्त वित्तीय हस्तान्तरित पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८० को दफा ७ बमोजिम** अन्तर्गत स्थानीय तहले पशुपंक्षी तथा मत्स्य विकास सम्बन्धी सशर्त कार्यक्रम संचालन गर्न पैयुँ गाउँपालिकाको **कृषि तथा पशुपंक्षी विकास समितिलाई नै कार्यदलको रुपमा रहने गरी कार्य गर्ने** निर्णय गरियो

१३. झोलुंगे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत पैयुँ गाउँपालिका र विकासका लागि वातारणीय संरक्षण सेवा (इम्प्रेड) नेपाल संग मिति २०७९/०७/०६ गते भएको सम्झौता नवीकरण बमोजिम आ.व २०८०/८१ मा संघीय वित्तीय हस्तान्तरणमा रहेको **गेदीखोला आलेपुल पैयुँ-४** योजना संचालन गर्न कार्यादेश दिने निर्णय गरियो ।

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०८०।१२।१६ गते आ.ब. २०८०/८१ बैठक क्र.सं.११

१४. सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को असुसूची १ बमोजिम लाभग्राहीहरुको छनौटका आधारहरु बमोजिम यस गाउँपालिका अन्तर्गत छनौट भएका तपसिलमा उल्लेखि लाभग्रहीहरुलाई लाभग्राही कायम गरिदिन सुरक्षित नागरिक आवास समन्वय समिति, पर्वत समक्ष पेश गर्ने निर्णय गरियो

१५. तपसिल

| क्र.स. | कर्मचारीको नाम | वडा नं. |
|---|---|---|
| १ | लोकेन्द्र बहादुर राना | १ |
| २ | सोभा बस्याल | १ |
| ३ | हिम बहादुर राना | २ |
| ४ | कोपिला कुमारी थापा राना | २ |
| ५ | यदवि काफ्ले | ३ |
| ६ | एकनारायण काफ्ले | ३ |
| ७ | ओम बहादुर दर्जी | ४ |
| ८ | नवलसिंह राना | ४ |
| ९ | खैसरा न्यौपाने | ५ |
| १० | तोलाकान्त भुर्तेल | ५ |
| ११ | गोपिमाया सन्यासि | ६ |
| १२ | इन्द्र बहादुर भारती | ६ |
| १३ | वेन बहादुर नेपाली | ७ |
| १४ | दुर्गा बहादुर गुरुङ | ७ |
| १५ | मिना कुमारी राना | १ |
| १६ | हिमलाल काफ्ले | २ |
| १७ | नेत्र प्रसाद भुसाल | ३ |
| १८ | टेक बहादुर सार्की | ४ |
| १९ | गोविन्द बहादुर भारती | ६ |
| २० | इश्वरी न्यौपाने | ५ |